# दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१/०८/०३

प्रस्तावना: दुग्धजन्य पदार्थहरुको गुणस्तरिय उत्पादन गरि निर्यात प्रवर्द्धन मार्फत दुग्ध व्यवसायको सुदृढिकरण गर्न प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. आवेदक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना अनुसार प्रस्ताव पेश गर्न योग्य कृषक समूह/संघ/कृषि सहकारी/कम्पनी/नीजि फार्मलाई सम्झनु पर्छ ।

ख. "कार्यालय" भन्नाले निर्देशनालय मातहतको पशु सेवा कार्यालय सम्झनु पर्छ ।

ग. "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

घ. "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

ङ. "बोर्ड" भन्नाले प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सम्झनु पर्छ।

च. "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

छ. "साझेदार संस्था" भन्नाले कार्यक्रम संञ्चालन गर्न छनौट भएका संघ/सहकारी संस्था/समूह/कम्पनी/निजी फार्म सम्झनु पर्छ।

ज. "संघ" भन्नाले दुग्ध व्यवसायी संघ सम्झनु पर्छ ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम सञ्चालन: यो कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा लागू हुनेछ।

४. प्रस्ताव आह्वान: बोर्डले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई लक्षित गरी सूचीकृत हुन सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

सामवीय प्रकाश श्रेष्ठ

५. <u>सूचीकृत हुन कागजात पेश गर्ने</u>: (१) कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकले सूचनामा उल्लेखित कागजात सहित बोर्ड वा बोर्डले तोकेको कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा कागजात पेश गर्नु पर्नेछ।

(२) आवेदकले दुग्ध जन्य पदार्थको निर्यात गर्न प्रचलित कानून अनुसार अपनाउनु पर्ने सम्पूर्ण प्रक्रिया पुरा गरेको प्रमाण सहित कागजात पेश गर्नु पर्नेछ।

६. <u>आवेदकको सूचीकृत तथा जानकारी:</u> माग भए बमोजिमका कागजातहरुको बोर्डले प्रारम्भिक अध्ययन तथा आवश्यकता अनुसार स्थलगत अनुगमन गरी प्रकृया पुरा गरेका प्रस्तावहरुलाई दर्ता भएको प्राथमिकताको आधारमा सूचीकृत गरी आवेदकलाई जानकारी दिनेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

७. <u>आर्थिक पक्ष:</u> (१) साझेदार संस्थाले बागमती प्रदेश भित्रनै उत्पादित दुग्ध जन्य पदार्थको निर्यात गरे अनुसारको अनुसूची-३ बमोजिमको भुक्तानी निवेदन तथा आवश्यक कागजात सहित निवेदन दिए पश्चात बोर्डले पेश भएको कागजातको आवश्यक जाँचबुझ गरी साझेदारको बैङ्क खाता मार्फत प्रोत्साहन रकम भुक्तानी दिने छ। निर्यात भएको दुग्धजन्य पदार्थको अनुसूची-४ बमोजिम प्रोत्साहन रकम बोर्डले बेहोर्नेछ ।

(२) साझेदार संस्थाहरुले चा.लु आ.वको हकमा वैशाख मसान्त सम्म निर्यात गरेका दुग्ध जन्य पदार्थहरुको लागि मात्र बोर्डबाट प्रोत्साहन रकम प्राप्त गर्नेछन्। सो को लागि साझेदार संस्थाले जेठ १५ गते भित्र बोर्डमा आवश्यक कागजातहरु पेश गरी सक्नु पर्नेछ ।

(३) साझेदार संस्थाले निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/बिजक तथा प्रतितपत्र, custom clearance form र बैंकिङ्ग प्रकृयाबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाण अनिवार्य पेश गर्नु पर्नेछ ।

(४) दुग्ध जन्य पदार्थको निर्यात बापतको प्रोत्साहन रकम बिनियोजित बजेटको परिधि भन्दा बढी माग भएको खण्डमा साझेदार संस्थाहरुलाई दामासायी रुपमा उपलब्ध गराईनेछ ।

## परिच्छेद -४
## अन्य व्यवस्था

८. <u>दोहोरोपना नहुने</u>: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।



मानीय प्रकाश श्रेष्ठ
मन्त्री

९. <u>कारबाही सम्बन्धी व्यवस्था:</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

११. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

१२. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले गर्नेछ ।

माननीय प्रकाश शोध
मन्त्री

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः

प्रदेश दुग्ध विकास बोर्डको आ.व. ..................... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम दुग्धजन्य पदार्थ निर्यात गर्न इच्छुक आवेदकले यो सूचना प्रकाशन भएको मितिले ........... दिनभित्र बोर्ड वा बोर्डले तोकेको सम्बन्धित जिल्लास्थित कार्यालयमा देहाय बमोजिमका कागजात सहित आवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश गरीने छैन ।

पेश गर्नुपर्ने कागजातहरुको विवरणः

१. अनुसूची-२ बमोजिमको आवेदन-पत्र,
२. संस्था दर्ता र नविकरण प्रमाण पत्रको प्रतिलिपि,
३. PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्योगको हकमा दुध संकलन वा दुध खरिदको प्रमाण पेश गर्नु पर्नेछ ।
६. अन्य आवश्यक कागजातहरु ।

पुनश्च" : दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बोर्डको.........वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

४

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

आवेदन -पत्र

मितिः

श्रीमान् निर्देशकज्यू,
प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडा ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

यस बोर्डको मिति..................मा प्रकाशन गरिएको दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. संस्था दर्ता र नविकरण प्रमाण पत्रको प्रतिलिपि,

२. PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

४. दुग्ध जन्य पदार्थ उत्पादन गर्ने उद्योगको हकमा दुध संकलन वा दुध खरिदको प्रमाण पेश गर्नु पर्नेछ ।

५. निर्यात सम्बन्धित अनुमानित विवरण

| क.स. | विवरण | |
|---|---|---|
| १ | देशको नाम | |
| २ | दुग्धजन्य पदार्थको विवरण | |
| ३ | अनुमानित के.जी | |
| ४ | बिक्री रकम | |

आवेदक

दस्तखतः

नामः

पदः

सम्पर्क नम्बरः

साझेदारको छापः

अनुसूची -३

<u>(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)</u>

## भुक्तानी -निवेदन

मितिः

श्रीमान् निर्देशकज्यू,
प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडा ।

विषयः भुक्तानी पाउँ ।

यस बोर्डको बार्षिक कार्यक्रम अन्तर्गतको दुग्ध जन्य पदार्थ निर्यातमा प्रोत्साहन कार्यक्रममा मिति .................. को निर्णयानुसार मेरो संस्था सूचीकृत भए बमोजिम यस संस्थाबाट निर्यात गरीएको दुग्धजन्य पदार्थमा प्रोत्साहन रकम भुक्तानीको लागि तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. दुग्ध जन्य पदार्थ निर्यात सम्बन्धित विवरण

| क.स. | विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| १ | देशको नाम | | | | | |
| २ | निर्यात गरिएको दुग्धजन्य पदार्थको विवरण | | | | | |
| | पदार्थ | घ्यू | नौनी | धुलो दुध | छुर्पी | अन्य |
| | परिमाण के.जी | | | | | |
| | जम्मा रकम रु | | | | | |

२. भुक्तानीको लागि संस्थाको बैङ्क खाता नम्बर तथा सस्थाको प्यान नम्बर
३. साझेदार सस्थाले निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/ बिजक तथा प्रतितपत्र, custom clearance form
४. बैकिङ्ग प्रकृयाबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाण ।

आवेदक

दस्तखतः
नामः
पदः
सम्पर्क नम्बरः
साझेदारको छापः

अनुसूची- ४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

<u>दुग्ध जन्य पदार्थ निर्यातको लागि प्रोत्साहन रकम</u>

| क्र.स | दुग्ध जन्य पदार्थ | प्रति के.जी प्रोत्साहन (रू) | कैफियत |
|---|---|---|---|
| १ | नौनी | ९० | |
| २ | घ्यू | १२० | |
| ३ | Whole milk powder | ८० | |
| ४ | Skim milk powder | ७० | |
| ५ | छुर्पी | १८० | |

*नोटः अन्य दुग्धजन्य पदार्थहरुको निर्यातको लागि प्रोत्साहन रकमको निर्धारण बोर्डले तय गर्न सक्नेछ ।*